जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर
बागमती प्रदेश, हेटौंडा

# वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ तथा राय सुझाव दिन विज्ञहरुको सूची (Roster) तयारी गर्ने सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०८१।१०।०७)

बागमती प्रदेश सरकारद्वारा जारी गरिएको वातावरण संरक्षण ऐन, २०७७ को दफा ४ को उपदफा (२) खण्ड (ङ) बमोजिम स्थानीय तहसँग सम्बन्धित नदीजन्य पदार्थ उत्खनन् वा संकलनसँग सम्बन्धित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृतिका लागि सोही ऐनको दफा ४ को उपदफा (४) बमोजिम रोष्टरमा सूचीकृत विषय विज्ञबाट जाँचबुझ गरी राय सुझाव लिन विषय विज्ञको आवश्यकता रहेकोले, यस जिल्ला समन्वय समितिको कार्यालयमा स्वीकृतीको लागि प्राप्त हुने संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको मुल्याङ्कन, जाँचबुझको साथसाथै प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण र अनुगमन गरी प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावहरूको आंकलन समेत गर्नका लागि विषय विज्ञ (प्रस्तावसँग सम्बन्धित विषयविज्ञ) को रुपमा काम गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित प्रावधानहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको Website (http://dccmakwanpur.gov.np) को सूचना साथ रहेको निवेदन फारम भरी अन्य आवश्यक कागजातहरु सहित यस कार्यालयको इमेल ठेगानाः dccmak74@gmail.com वा यस कार्यालयको अनुगमन शाखामा आइपुग्ने गरी पठाउनहुन अनुरोध छ ।

आवश्यक कागजातः

(क) व्यक्तिगत विवरण (CV),

(ख) शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी,

(ग) कार्य अनुभव सम्बन्धी प्रमाण,

(घ) वातावरणीय मूल्याङ्कन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रमाण ।

(१) शैक्षिक योग्यता :

इन्जिनियरिङ्ग(भूगर्भ, माईनिङ्ग, मेटलर्जिकल, औद्योगिक, वातावरण), वन, वन विज्ञान, वन्यजन्तु विज्ञान, वातावरण विज्ञान, भौतिक विज्ञान, वनस्पति विज्ञान, जीव विज्ञान, वनस्पति शास्त्र , माटो विज्ञान, भूगर्भ शास्त्र, जलस्रोत व्यवस्थापन, जलाधार व्यवस्थापन, वायोटेक्नोलोजी, विपद् जोखिम व्यवस्थापन, वातावरण व्यवस्थापन, जलवायु परिवर्तन व्यवस्थापन, जैविक विविधता संरक्षण तथा व्यवस्थापन, दिगो विकास, प्राकृतिक स्रोत व्यवस्थापन, वातावरण कानून, वातावरण अर्थशास्त्र विषयमा नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा उल्लेखित विषयमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता प्राप्त गरेको ।

(२) कार्य अनुभव :

तल उल्लेखित मध्ये बुँदा (क) वा (ख) वा (ग) वा (घ) अनुसारको कार्य अनुभव भएको विवरण ।

(क) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई प्रारम्भिक वातावरणीय परीक्षण र संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी वातावरणीय अध्ययन कार्यमा टोली नेता वा टोली सदस्यको रुपमा संलग्न रही वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि सम्बन्धित प्रस्तावक मार्फत सम्बन्धित निकायमा पेश गरेको ।

(ख) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ, संस्थामा कम्तिमा रा.प.तृतीय श्रेणी वा सो सरहको पदमा १ वर्ष वातावरणीय अध्ययन प्रतिवेदनहरुको पुनरावलोकन वा स्वीकृति प्रक्रिया वा शोध कार्यमा संलग्न भई कार्य गरेको ।

(ग) विश्वविद्यालय तथा तिनका आंगिक क्याम्पसमा प्राध्यापक, सह-प्राध्यापक तथा उप-प्रध्यापक भई माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई माथि उल्लेखित विषयमा अध्यापन गराईरहेका तथा अध्यापन कार्य गरेको ।

(घ) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त गरे पछि कम्तिमा २ वर्ष विषयगत क्षेत्रमा काम गरेको अनुभव भएको र वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समिति वा उक्त समिति जस्तै कार्य गर्ने अन्य समितिमा विज्ञको रुपमा रही प्रतिवेदन पुनरावलोकन गरेको ।

जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर
बागमती प्रदेश, हेटौडा

(वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ तथा राय सुझाव दिने विज्ञहरुको सूची (Roster) मा नाम समावेश गर्ने निवेदन फारम)

मितिः.........................

श्रीमान् प्रमुख ज्यू,
जिल्ला समन्वय समितिको कार्यालय,
मकवानपुर ।

तँहा कार्यालय अन्तर्गतको वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गरी राय सुझाव दिनका लागि रहने विज्ञहरुको सूची (Roster) मा मेरो नाम सूचीकृत गरिदिनु हुन निम्नानुसारको सत्य तथ्य विवरण खुलाई अनुरोध गर्दछु ।

१. नाम थरः
२. जन्म मितिः
३. ठेगानाः जिल्ला : ...........................................न.पा./गा.पा.:..............................वडा नं. : ......................... टोल : .........................
४. हाल बसोबास गरेको ठेगानाः जिल्ला : .
न.पा./गा.पा. : ............................ वडा नं. : .......... टोल....................................
५. सम्पर्क
फोन नं. : ......................... मोवाइल नं. :........................................
इमेलः....................................................................
६. शैक्षिक योग्यताः

| शैक्षिक योग्यता | प्राप्त गरेको शैक्षिक उपाधि | विश्वविद्यालय | अध्ययन गरेको अवधि | | अध्ययन गरेका मूल विषयहरु | श्रेणी/ प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |

जिल्ला समन्वय समितिको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल
२०७२

७. बहालवाला भए हालको नोकरी सम्बन्धी विवरण:

| हालको | हालको पदमा नियुक्ति मिति | श्रेणी/तह | सेवा | समुह | उपसमुह | प्राविधिक/ अप्राविधिक | निजामती/सरकारी/ समुह /विश्वविद्यालय /अन्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

८. सेवा निवृत भएको भए अवकाश हुँदाको विवरण:

| अवकाश हुँदाको पद सम्बन्धी | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पदको नाम | श्रेणी/तह | सेवा | समुह | उपसमुह | प्राविधिक/ अप्राविधिक | सेवा वर्ष | अवकाश मिति |
| | | | | | | | |

९. सेवा निवृत भएपछि कुनै निकायमा कार्यरत एवं प्रतिनिधि भएको भए सोको पूर्ण विवरण:

१०. प्रकाशित कृति भए मुख्य मुख्य कृतिहरुको नाम:

११. अनुसन्धान गरेको भए के के विषयहरुको अनुसन्धान गरेको हो, सो खुलाउने:

१२. दक्षताको क्षेत्र:

१३. दक्षताको क्षेत्रमा लिएको तालिम र अन्य विषय भए खुलाउने:

| तालिमको विषय | तालिम दिने संस्था | तालिम लिएको अवधि | | तालिम लिएको देश |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |

१४. थप अरु केहि भए:

..................................

निवेदकको दस्तखत